# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको
# चौधौं वार्षिक साधारण सभाको
# काम कार्यवाहीको विवरण तथा निर्णयहरु (माईन्यूट)

## १. बैधानिक सभाः

यस लघु वित्त वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८० मंसिर २९ गते बसेको २१२ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र यस लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम बोलाइएको चौधौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम चौधौं बार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समयः

मितिः २०८० पौष २८ गते शनिवार (तदनुसार जनवरी १३, २०२४)
स्थानः आम्रपाली व्याङ्केट, भाटभटेनी, काठ्माण्डौं ।
समयः विहान १०:०० बजे प्रारम्भ भई १२:३५ बजे सम्पन्न ।

## ३. सभाको सूचनाः

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार चौधौं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा शेयरधनीहरुको उपस्थितिको लागि सार्वजनिक सूचना मिति २०८०/०९/०२ गतेको राष्ट्रियस्तरको आर्थिक अभियान दैनिक र मिति २०८०/०९/०९ को नयाँ पत्रिका दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुको जानकारीका मिति राष्ट्रियस्तरको आर्थिक अभियान दैनिक र मिति २०८०/०९/०९ को नयाँ पत्रिका दैनिक पत्रिकामा प्रकाशन गर्नुको साथै यस लघुवित्त वित्तीय संस्थाको *website: www.fmdb.com.np* तथा ग्लोवल आईएमई क्यापिटलबाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको थियो ।

## ४. सभामा उपस्थितिः

### (क) सञ्चालकको उपस्थिति

| | |
|---|---|
| १. श्री सुरेन्द्रराज रेग्मी (प्रतिनिधिः ग्लोबल आइएमई बैंक लि.) | अध्यक्ष |
| २. श्री मुकुन्द सुवेदी (प्रतिनिधिः कुमारी बैंक लि.) | सञ्चालक |
| ३. श्री लक्ष्मण प्रसाद जैसी (प्रतिनिधिः आईसिएफसी फाइनान्स लि. ) | सञ्चालक |
| ४. श्री युवराज क्षेत्री | सञ्चालक |
| ५. श्री बामदेव गौली | सञ्चालक |
| ६. श्री सरिना उप्रेती | स्वतन्त्र सञ्चालक |

First Microfinance

(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :

| | |
|---|---|
| १. श्री घनश्याम न्यौपाने -उप रजिष्ट्रार | प्रतिनिधि, कम्पनी रजिष्टार कार्यालय |
| २. सि.ए. प्रकाश लम्साल | प्रतिनिधि, पि.एल.आर.जी एसोसियटस् |
| ३. श्री विजीता शाक्य | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |
| ४. श्री रेभा श्रेष्ठ | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |
| ५. श्री प्रिती कडरीया | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |

(ग) व्यवस्थापनका पदाधिकारी

| | |
|---|---|
| १. श्री नुमनाथ पौडेल | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री दानराज पन्त | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री बाबुराम न्यौपाने | कर्जा/जनशक्ति विभाग प्रमुख |
| ४. श्री विजय शर्मा | वित्त विभाग प्रमुख/कम्पनी सचिव |
| ५. श्री ज्ञानेन्द्र वाग्ले | लघुवित्त कर्जा/सञ्चालन विभाग प्रमुख |
| ६. श्री दिना डंगोल | आन्तरिक लेखापरीषण/अनुपालना विभाग प्रमुख |
| ७. श्री शैलजा वावा अमात्य | कर्जा प्रशासन विभाग प्रमुख |
| ८. श्री सदिक्षा रिजाल | सामान्य सेवा विभाग प्रमुख |
| ९. श्री देवराज नेपाल | जोखिम व्यवस्थापन विभाग प्रमुख |

(घ) शेयरधनीको उपस्थिति तथा गणपुरक संख्याः

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयंम | प्रतिनिधी मार्फत | | |
| १,१४,७७,४५९.५६ | ६३,७१,२६०.६८ | २६३ | १८ | २८१ | ५५.५१% |

५ सभामा प्रस्तुत छलफलका विषयहरुः

क) सामान्य प्रस्ताव

१) आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुने रु. ८,६०,८०,९४६ (अक्षरेपि आठ करोड साठी लाख असी हजार नौ सय छयालीस मात्र) नगद लाभांश पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्ताव**

५) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुने रु. ८,६०,८०,९४६ (अक्षरेपि आठ करोड साठी लाख असी हजार नौ सय छयालीस मात्र) बरावरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

६) कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजी रु. १,१४,७७,४५,९५६ (अक्षरेपी एक अर्ब चौध करोड सतहत्तर लाख पैतालीस हजार नौ सय छपन्न) बाट बृद्धि गरी रु. १,२३,३८,२६,९०२ (अक्षरेपी एक अर्ब तेईस करोड अठतिस लाख छब्बिस हजार नौ सय दुई) पुऱ्याउने ।

७) सञ्चालकहरुको बैठक भत्ता पुनरावलोकन गर्ने ।

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने तथा सोही सम्वन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

९) सञ्चालकहरुको नियुक्ति अनुमोदन गर्ने ।

## ६. सभाको बैधानिकता र सभाको अध्यक्षताः

६.१ कम्पनी ऐन, २०६३ तथा लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम बार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनी स्वंम उपस्थित हुनु पर्ने प्रावधान बमोजिम लघु वित्त वित्तीय संस्थाको चौधौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या २८१ भएको र कुल ६३,७१,२६१ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५५.५१ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको । साथै, प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएकोले रीतपुर्वक साधारण सभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

६.२ लघु वित्त वित्तीय संस्थाको नियमावलीमा भएको प्रावधान बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्वन्धमा कम्पनी सचिवले जानकारी गराएपछि विहान १०:०५ बजे सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा तथा सम्पूर्ण सञ्चालकज्यूहरुको उपस्थितिमा लघु वित्त वित्तीय संस्थाको चौधौं वार्षिक साधारण सभा सुरु भयो ।

## ७. वार्षिक साधारण सभाको प्रस्तुति :

७.१ कम्पनी सचिवज्यूले सभा सञ्चालन गर्नु पूर्व चौधौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट अभिवादन गर्नुभयो ।

७.२ कम्पनी सचिवज्यूले उपस्थित सवैलाई राष्ट्रिय गानमा सरिक हुनको लागि उद्घोष गर्नुभयो र सवैजना राष्ट्रिय गानमा सहभागी हुनुभयो ।

७.२ प्रमुख कार्यकारी अधिकृतज्यूले चौधौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट शुभकामना मन्तव्य व्यक्त गर्नुका साथै शेयरधनीहरुलाई स्वागत गर्नुभयो ।

७.३ अध्यक्षज्यूले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको तर्फवाट सञ्चालक समितिको बार्षिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

## ८. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरुको अभिब्यक्ति

सभामा शेयरधनी महानुभावहरुबाट लघु वित्त वित्तीय संस्थाको सञ्चालक समितिको प्रतिवेदन, लेखा विवरण, छलफलका बिषयहरु आदिमा निम्नानुसार आफ्नो जिज्ञासा, मन्तब्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.१ शेयरधनी श्री शत्रुघन श्रेष्ठज्यूले मुनाफा राम्रो भएकाले लाभांश दर पनि राम्रो रहेकाले सबैलाई धन्यवाद दिनु भयो । आगामी दिनहरुमा भाका नाघेको कर्जा घटाउन, अझै राम्रो लाभांश प्रदान गर्न र संस्थाको उत्तरोत्तर प्रगती गर्दै जान सकोस भन्दै शुभकामना दिनु भएको थियो ।

८.२ शेयरधनी श्री नरसिंह लाल चखुंले १५% लाभांश दिनुभएकोमा धन्यवाद प्रदान गर्नुभयो । भविश्यमा समेत यस्तै लाभांश प्रदान गर्नहुन अनुरोध गर्न्दै जोखिम व्यवस्थापन गर्दै सम्पत्तीको गुणस्तर र व्यवस्थापनमा ध्यान दिनुपर्ने सुझाव दिनु भयो ।

८.३ शेयरधनी श्री सुदिप श्रेष्ठले संस्थाले प्रदान गरेको लाभांशको लागि धन्यवाद दिनुभयो । नगद तथा बोनस गरी मिलाएर लाभांश प्रदान गर्नुभएकोमा सन्तुष्टी प्रकट गर्नुभयो । संस्थामा भाखा नाघेको कर्जा देखिन थालेकोले त्यसलाई समयमानै घटाउनका साथै, सामाजिक उत्तरदायित्व कोषमा भएको रकमवाट थप कार्यक्रम गर्नका लागि सुझाव दिनु भयो ।

८.४ शेयरधनी श्री ब्रमदेव शाक्यले अध्यक्षज्यूको मन्तब्य समसामयिक, यर्थार्थ, उत्साहजनक र गंभिर रहेको रहेको जानकारी दिनुभयो । केहि नियतवश ऋण नतिर्ने ऋणीहरुका वहानामा लघुवित्त तथा सहकारी संस्थाहरुमा समस्या देखिएको, लघुवित्त तथा सहकारी संस्थाहरुमा आएका समस्याहरु तथा चुनौतीलाई रणनीतिक योजना वनाई समाधान गर्न, संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकमवाट ऋणी सदस्यहरुलाई अनिवार्य रुपमा वित्तीय साक्षरता प्रदान गर्न तथा आगामी बर्षमा पनी यस्तै आर्कषक लाभांश प्रदान गर्ने व्यवस्था गर्नहुन सुझाव दिनु भयो ।

८.५ शेयरधनी श्री ईन्द्र कृष्ण श्रेष्ठले अघिल्ला आर्थिक बर्षहरुमा साधारण सभा गर्नेमा फर्स्ट हुने यस फर्स्ट माईक्रोफाइनान्स विविध समस्याका कारण साधारण सभा ढिला भएतापनी १५% लाभांश प्रदान गर्नु भएकोमा धन्यवाद प्रकट गर्नुभयो । नियमनकारी व्यवस्था अनुरुप पौष मसान्त भित्र नै साधारण सभा गर्नुपर्ने व्यवस्थालाई परिमार्जन गर्नुपर्ने आवश्यक रहेको धारणा प्रकट गर्नुभयो । वासलातको आकार घटिरहेको अवस्थामा सञ्चालक समितिको भत्ता परिमार्जन उचित नभएको र आफ्नो सर्मथन नरहेको विचार प्रकट गर्नु भयो ।

८.६ शेयरधनी श्री उत्तम पाठकले बार्षिक प्रतिवेदनको समीक्षा गर्दै संस्थाले यस्तो बिषम परिस्थितीमा पनि १५% लाभांश प्रदान गर्नुभएकोमा हार्दिक आभार प्रकट गर्नुभयो । पौषको अन्तमा साधारण सभा नगरी अगाडी नै बार्षिक साधारण गर्न तथा २० लाख सम्मको ऋण मिनाहा हुने हल्लाको पछि नलाग्न र कानुनी राज्यको बोध हुने गरि अघि वढ्नुपर्ने तर्क राख्नु भयो

८.७ शेयरधनी श्री निरुपमा गुप्ताले EPS घटेकोमा, NPL बढेकोमा ध्यानार्कषण गराउनु भयो । १५% लाभांश प्रदान गरेकोमा उँहाले धन्यवाद प्रकट गर्नुभयो । संस्थाको भविश्यको योजना वारेका जानकारी प्रदान गर्नहुन र समयसापेक्ष बैठक भत्ता वृद्धि आवश्यक हुने सुझाव दिनुभयो ।

८.८ शेयरधनी श्री अर्जुन कुमार माझीले फर्स्ट माइक्रोफाइनान्सले नेपालका सबैजसो भौगोलिक क्षेत्रमा आफ्नो कार्यक्रम बढाउँदै लैजानुपर्ने, संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम काठमाण्डौमा मात्र सिमित नराखी अन्य भौगोलिक क्षेत्रमा बढाउन हुन, साधारण सभामा भएको खाना तथा खाजाको ब्यवस्थापनमा शेयरधनीमैत्री हुने गरि ब्यवस्थापन गर्न जोडदिनु भएको थियो ।

८.९ शेयरधनी श्री राम गोपाल मर्हजनले सञ्चालकको बैठक भत्ता समय सापेक्ष वृद्धि आवश्यक रहेको, कर्मचारीहरुलाई तालिम तथा अभिमुखीकरणमा जोड दिनहुन, शेयरधनीलाई भुक्तानी दिनुपर्ने लाभांश शिर्षकमा रहेको ८९.६६ लाख हाराहारीको रकम सम्वन्धीत शेयरधनीलाई प्रदान गर्ने ब्यवस्था मिलाउनहुन, कर्जा असुलीमा ध्यान दिनहुन सुझाव दिनु भयो ।

८.१० शेयरधनी श्री सनत कुमार न्यौपानेले आगामी आर्थिक बर्षहरुमा आउने थप चुनौतीहरु सामना गर्नुपर्ने, NPL बढेको तथा Net EPS घटेकोले आगामी दिनमा ब्यवस्थापन गर्न, आन्तरिक नियन्त्रण प्रणाली र सुशासनमा ध्यान दिन साथै मुद्रास्फीती दर अनुसार सञ्चालक समितिको बैठक भत्ता बढाउन सुझाव प्रदान गर्नु भयो ।

८.११ शेयरधनी श्री लक्ष्मी प्रसाद सैजुँले ४६ जिल्लामा फैलिएको यस संस्थाको त्रैमासिक वित्तीय विवरणहरु पहिलो हप्तामा नै प्रकाशित हुने गरेकोमा आजभोली ढिला भएकोमा ध्यानाकर्षण गराउनु भयो । सञ्चालक समितिको बैठक भत्ता बृद्धि जस्तै कार्यसम्पादनमा पनि सुधार हुनु पर्ने आवश्यक रहेको, सामाजिक उत्तरदायित्व प्रति भविश्यको योजना, नाफा तथा वासलातको आकार वृद्धि गर्नुपर्ने साथै, नगद लाभांश नदिएर भएपनि संस्थाले लगानी कम्पनी खोल्नु पर्ने राय समेत ब्यक्त गर्नु भयो ।

८.१२ शेयरधनी श्री कमलराज खरेलज्यूले वक्ता शेयरधनीहरुले आफ्नो जिज्ञाशा तथा टिप्पणी राख्ने र त्यसको जवाफ तथा प्रतिउत्तर नसुनी साधारण सभाबाट बाहिरिने प्रथा रोक्नुपर्नेमा ध्यानार्कषण गराउनु भयो । ब्यवस्थापन तथा सञ्चालक समिति चुस्त भएकोमा धन्यवाद दिनु भयो ।

८.१३ शेयरधनी श्री लवराज जोशीले बार्षिक प्रतिवेदन साधारण सभा भन्दा अगावै शेयरधनीको ठेगानामा पुग्नुपर्ने, शेयरधनीहरुले साधारण सभामा जिज्ञाशा राख्ने र जवाफ नसुन्ने प्रवृतीको अन्त्य हुनपर्ने, सकेसम्म साधारण सभा अन्य संस्थाका साधारण सभा सँग नजुधाउन हुन सुझाव प्रदान गर्नु भयो र सस्कृत स्लोक ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् वाचन गरेर ब्यवस्थापन तथा सञ्चालक समितिलाई थप उर्जा प्रदान गर्नु भयो ।

८.१४ शेयरधनी श्री मेजर कुवेर श्रेष्ठले मन्चमा आसन अध्यक्षज्यु लगायत अन्यलाई सम्वोधन गर्नुहुदै महिला सञ्चालक देख्दा खुसी लागेको र महिला सञ्चालकलाई स्वागत गर्नुभयो । साधारण सभा भन्दा हुनु भन्दा ७ दिन अगावै शेयरधनीको ठेगानामा प्रतिवेदन पुग्नुपर्ने, षौष १५ देखी २० गतेसम्ममा नै साधारण सभा गर्नहुन,

शेयरधनीहरु प्रति जिम्वेवारी रहेर प्रतिफल दिनुहुन आगामी बर्ष लाभांश नघट्ने गरि कार्यकारी प्रमुख लाई लक्ष्य दिन टिप्पणी तथा सुझाव दिनु भयो ।

९. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

साधारण सभामा सहभागी शेयरधनीहरुबाट मन्तब्य राख्ने काम समाप्त भएपछि वक्ता शेयरधनीहरुबाट छलफलको क्रममा राखिएका जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्दै प्रतिउत्तर दिनुभयो ।

सञ्चालक समिति समेत आँफै शेयर धनि भएकोले यथाशक्य अधिकतम उपलब्धि गर्ने कोशिसमा रहेको ब्यहोरा व्यक्त गर्नु भयो । सवै वक्ता शेयरधनीहरुको सुझावलाई हामीले सकारात्मक रुपमा लिएको, यस वर्षको साधारण सभा सम्पन्न गर्न केही ढिलो भएतापनि आगामी दिनमा नियमनकारी निकायवाट समयमा नै स्वीकृती लिई यथासम्भव चाँडो साधारण सभा गरिने, फर्स्ट माइक्रोफाइनान्स थोक लघुकर्जा प्रदायक संस्था भएको ब्यहोरा, ऋणी संस्थाहरुको केन्द्रीय कार्यालय भएका ठाउँलाई मात्र सेवा पुगेको जिल्लाको रुपमा नक्सामा देखाईएको, मर्जरका सम्वन्धमा हालसम्म सञ्चालक समितिमा कुनै पनि प्रस्ताव नआएको र बाहिरको हल्लाको पछि नलाग्न, संस्थाको पूँजीकोष प्रयाप्त रहेको र शेयरधनीको अपेक्षा अनुरुप नै नगद तथा बोनस लाभांश प्रदान गरिएको, फर्स्ट माईक्रोफाइनान्सले अन्य क्षेत्रमा लगानी गर्न नपाउने र सहायक कम्पनी खोलेर अन्य कार्य गर्न पाउने व्यवस्था नरहेको, चालु आ.व.को नाफामा समेत सुधार गरी आगामी बर्षहरुमा यस समिक्षा आ.व.को जस्तै लाभांश दर कायम गर्न प्रयत्न जारी राख्ने प्रयासरत रहेतापनी आगामी आ.व. मा थप चुनौती रहेको जानकारी गराउनुभयो ।

वक्ता शेयरधनी महानुभावहरुबाट प्राप्त सकारात्मक प्रतिक्रिया तथा टिप्पणीहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै छलफलका क्रममा वक्ताहरुवाट राखिएका मन्तव्यहरु आगामी दिनमा कार्यान्वयन गर्नको लागि सुझावहरुको रुपमा प्राप्त हुन आएकाले उल्लेखित सुझावहरुलाई मनन गर्दै आगामी दिनमा सकारात्मक ढंगले कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता अध्यक्षज्युले सभा समक्ष व्यक्त गर्नुभयो ।

सक्रियतापूर्वक छलफलमा सहभागी भई आफ्ना बिचारहरु राखी रचनात्मक सुझावहरु प्रदान गर्नु भएकोमा सवै वक्ता शेयरधनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । तत्पश्चात साधारणसभामा प्रस्तुत हुने निम्नानुसार प्रस्तावहरु पारित गर्न अनुरोध गर्दै अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनी सचिवले निम्नानुसार प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०. **सभाको निर्णयहरु:**

**(क) सामान्य प्रस्ताव तर्फ**

१) आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. १ को विषयमा छलफल हुँदा सञ्चालक समितिको तर्फबाट चौधौं वार्षिक साधारण सभामा प्रस्तुत भएको आ.व. २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन छलफल पश्चात् पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।**

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. २ को सम्बन्धमा छलफल हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्ने निर्णय भयो ।**

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुने रु. ८,६०,८०,९४६ ( अक्षरेपि आठ करोड साठी लाख असी हजार नौ सय छयालीस मात्र) नगद लाभांश पारित गर्ने ।

**प्रस्ताव नं. ३ को विषयमा छलफल हुँदा यस लघुवित्त वित्तिय संस्थाको सञ्चालक समितिको प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/८० सम्मको वितरणयोग्य नाफाबाट साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताव वन्द भएको मितिमा कायम रहेका शेयरधनीहरुलाई यस संस्थाको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुने रु. ८,६०,८०,९४६ (अक्षरेपि आठ करोड साठी लाख असी हजार नौ सय छयालीस मात्र) नगद लाभांश पारित गर्ने भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।**

४) कम्पनीको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**प्रस्ताव नं. ४ को विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार लेखापरीक्षण समितिले ३ वटा लेखापरिक्षण फर्महरु श्री पि.एल.आर.जी. एसोसिएट्स, श्री पि.आर.एस.एच एण्ड एसोसिएटेस तथा श्री पि.आर.एस.एम. एसोसियट्स, लाई सिफारिस गरेकोमा आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री पि.एल.आर.जी. एसोसिएट्स चार्टर्ड एकाउन्टेन्टस्लाई मुल्य अभिवृद्धि कर सहित रु. ३,७२,९००।- (अक्षरेपि तीन लाख बहत्तर हजार नौ सय मात्र) दिने गरी अन्तिम लेखापरीक्षण गरी नेपाल वित्तीय विवरण प्रतिवेदनमान तथा नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा बमोजिमको लेखापरिक्षण प्रतिवेदन, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, लगायतका बार्षिक रुपमा अन्तिम लेखापरीक्षकले सम्पादन गर्ने कार्यहरुको लागि एकमुष्ठ पारिश्रमिकको रुपमा प्रदान गर्ने गरी सर्वसम्मतिबाट स्वीकृत भयो ।**

**ख) <u>विशेष प्रस्ताव तर्फ</u>**

५) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुने रु. ८,६०,८०,९४६ ( अक्षरेपि आठ करोड साठी लाख असी हजार नौ सय छयालीस मात्र) बरावरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**प्रस्ताव नं. ५ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा प्रस्ताव गरे अनुसार चुक्ता पूँजीको ७.५ प्रतिशतले हुने रु. ८,६०,८०,९४६ (अक्षरेपि आठ करोड साठी लाख असी हजार नौ सय छयालीस मात्र) बरावरको बोनस शेयर वितरण गर्न सर्वसम्मतीले स्वीकृत गरी पारित भयो ।**

६) कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजी रु. १,१४,७७,४५,९५६ (अक्षरेपी एक अर्व चौध करोड सतहत्तर लाख पैतालीस हजार नौ सय छपन्न) बाट वृद्धि गरी १,२३,३८,२६,९०२ (अक्षरेपी एक अर्ब तेईस करोड अठतिस लाख छब्बिस हजार नौ सय दुई) पुऱ्याउने ।

**प्रस्ताव नं. ६ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्रको निम्नानुसार दफा संशोधन गर्ने निर्णय भयो :**

**प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख), (ग) मा संशोधन :**

(क) लघु वित्त वित्तीय संस्थाको अधिकृत पूँजी **रु. १,२३,३८,२६,९०२ (अक्षरेपी एक अर्व तेईस करोड अठतिस लाख छब्बिस हजार नौ सय दुई)** हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका **१,२३,३८,२६९।०२ (एक करोड तेईस लाख अठतिस हजार दुई सय उनान्सत्तरी दशमलव दुई)** थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) लघु वित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर **रु. १,२३,३८,२६,९०२ (अक्षरेपी एक अर्व तेईस करोड अठतिस लाख छब्बिस हजार नौ सय दुई)** हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका १,२३,३८,२६९।०२ **(एक करोड तेईस लाख अठतिस हजार दुई सय उनान्सत्तरी दशमलव दुई)** थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) लघु वित्त वित्तीय संस्थाको तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी **रु. १,२३,३८,२६,९०२ (अक्षरेपी एक अर्व तेईस करोड अठतिस लाख छब्बिस हजार नौ सय दुई)** हुनेछ ।

७) सञ्चालकहरुको बैठक भत्ता पुनरावलोकन गर्ने ।

**प्रस्ताव नं. ७ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघु वित्त वित्तीय संस्थाको नियमावलीको निम्नानुसार दफा संशोधन गर्ने निर्णय भयो :**

**नियमावलीको दफा ३२ को उपदफा १ (ख) मा संशोधन :**

(ख) सञ्चालक समितिको बैंठकमा सहभागी भए बापत अध्यक्षले र अन्य संचालकले पाउने प्रति बैंठक भत्ता क्रमसः **रु. १०,०००। र रु ९,०००।-** हुनेछ । सञ्चालक संलग्न भइ गठित समिति तथा उपसमितिहरुको वैठकमा सहभागी भए वापत त्यस्तो समिति तथा उपसमितिका संयोजक तथा सदस्य सञ्चालकहरुले पाउने प्रति वैठक भत्ता समेत सञ्चालककै सरह हुनेछ ।

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**प्रस्ताव नं. ८ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा उपरोक्त बमोजिमको यस लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने र नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट हुने फेरवदलका निर्देशनलाई समेत समावेश गरेर संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले निर्णय भयो ।**

ग) विविध

९) संचालकहरुको नियुक्तिको अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ९ को विविध प्रस्तावको सम्वन्धमा संचालक समितिको मिति २०८०।०३।१५ गते बसेको २०६ औं बैठकको निर्णयबाट कुमारी बैंकबाट प्रतिनिधित्व गर्नु हुने गणेश कुमार के.सी.ज्यूको सट्टामा श्री मुकुन्द सुवेदीज्यूलाई, मिति २०८०।०५।०८ गते बसेको २०८ औं बैठकको निर्णयबाट आईसिएफसि फाईनान्स लिमिटेडवाट प्रतिनिधित्व गर्नुहुने श्री अमित श्रेष्ठज्यूको सट्टामा श्री लक्ष्मण प्रसाद जैसिज्यूलाई, र मिति २०८०।०६।२७ गते बसेको २०९ औं बैठकको निर्णय बमोजिम स्वतन्त्र संचालक पदमा श्री सरिना उप्रेतीज्यूलाई नियुक्त गरिएकोमा अनुमोदन गर्ने निर्णय भयो ।

## ११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन:

यस साधारण सभामा अन्य छलफलका विषयहरु नभएकोले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूको आज्ञाले सभामा कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरु, शेयरधनीका प्रतिनिधी, आमन्त्रित अतिथीहरु, कर्मचारी साथीहरु साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्थाको चौधौं वार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो र साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

बिजय शर्मा
कम्पनी सचिव

सुरेन्द्रराज रेग्मी
अध्यक्ष